# महिला अधिकारका ६ वर्ष



## प्रगति प्रतिवेदन

### महिला अधिकार कार्यक्रम

सन् २००८-२०१३

सहयोग

जर्मन विकास सेवा

(GIZ-SUNAG)

प्रकाशक

मानवअधिकार मञ्च नेपाल

इलाम

## परिचय

मानवअधिकार मञ्च नेपाल, वि सं. २०५५ सालमा स्थापना भएको मानवअधिकारका क्षेत्रमा काम गर्ने इलाम जिल्लाको पहिलो संस्था हो । सम्बृद्ध समाजको परिकल्पना लिएको यस संस्थाले मानवअधिकारको संरक्षण संम्बर्द्धन, मानवअधिकार शिक्षा, मानवअधिकारको नियमित अनुगमन र अभिलेखीकरण, बालअधिकार, महिलाअधिकार, जातीय विभेद बिरुद्धको अधिकार, लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण, द्वन्द्व, शान्ति, द्वन्द्वरुपान्तरण, मेलमिलाप, द्वन्द्व संवेदनशीलता, सुशासन, अधिकार र मानवअधिकारका क्षेत्रमा निरन्तर काम गर्दै आएको छ । सचेतना, वहस पैरवी, अहिंसात्मक द्वन्द्वरुपान्तरण पद्धति, सहजीकरण, कानूनी सहयोग, मनोसामाजिक मनोविमर्श, महिला तथा बालबालिकाहरुका लागि आकस्मिक आवास जस्ता सेवाहरु संस्थाका नियमित सेवाहरु हुन । अधिकारमा आधारित पद्धति, सामाजिक परिचालन, पैरवी, समन्वय, सशक्तिकरण, सचेतना, द्वन्द्व संवेदनशीलता, लैङ्गिक तथा सामाजिक समाबेशी, जस्ता पद्धतिमार्फत पूर्वी नेपालमा काम गर्दै आएको यो संस्था घरेलुहिंसा विरुद्ध अभियान पूर्वाञ्चल नेटवर्कको संस्थापक तथा पूर्व सचिवालय सदस्य हो ।

संस्थाले गाविसस्तरमा महिला अधिकार समूह, मेलमिलाप समिति जस्ता समूहहरु निर्माण गरी घरेलु हिंसा, महिला अधिकार, महिला हिंसा, लैङ्गिक तथा सामाजिक मूलप्रवाहीकरण, घरेलु हिंसा कसुर र सजाय ऐन, मनोसामाजिक मनोविमर्श, मेलमिलाप, द्वन्द्व, शान्ति जस्ता विषयहरुमा व्यवहारिक तालिम प्रदान गरी स्थानीयतहमा परिचालन गरिरहेको छ । त्यसैगरी पूर्वाञ्चलका विभिन्न जिल्लाका जिल्लास्तरीय शान्ति समितिहरु, प्रहरी, गाविस सचिवहरु र सरोकारवालाहरुलाई मानवअधिकार महिला अधिकार, द्वन्द्व, शान्ति, द्वन्द्व रुपान्तरण र मेलमिलाप जस्ता विषयहरुमा तालिम दिने काम गर्दै आएको छ । संस्थाले कचहरी नाटक, विभिन्नतहका सरोकारवालाहरुसँग अन्तरक्रिया, तालिम, सचेतना, महिला हिंसा र घरेलु हिंसा, मेलमिलाप सम्बन्धी वृत्तचित्रहरुको उत्पादन र प्रदर्शन साथै विषयगत क्षेत्रसँग सम्बन्धित प्रकाशन गर्ने गर्दछ ।

## महिलाहरूको अवस्था :

नेपाली समाज परम्परागत सामाजिक संरचनामा बाँधिएको समाज हो । यो संरचनाले मानिसलाई जन्म तथा लिङ्गका आधारमा ठूलो र सानोको श्रेणीमा विभक्त गरी असमान र विभेदयुक्त अवस्थाको सिर्जना गरेको छ । यसले महिलालाई पुरुषभन्दा तल्लो श्रेणीमा राख्दछ । पुरुषको हैकम महिलाले मान्नु नै सामाजिक मर्यादा भन्ने बुझाइमा परिवर्तन भइसकेको छैन । यसर्थ आम समुदायमा पनि महिलालाई मानिसको रुपमा हेरिदैन, अझ फलानोकी श्रीमती, आमा वा छोरीका रुपमा उनीहरुको पहिचान गराउने प्रचलन कायमै छ ।

हाम्रो सन्दर्भमा लैङ्गिकविभेद अर्को महत्वपूर्ण समस्या हो । लैङ्गिक विभेदको अन्त्य गर्न राज्यले अन्तराष्ट्रिय सन्धि महासन्धिको कार्यान्वयनका लागि प्रतिबद्धता गरी उचीत कानुनको निर्माण, अधिकारको वकालत, कानूनी मान्यता र सुनिश्चितताका लागि नीतिहरुको निर्माण भएतापनि व्यवहारिक अभ्यासको अभावमा प्रभावकारी कार्यान्वयन भएको छैन ।

राज्यले दिएको सेवा सुविधा, राज्यको नीति यसको उद्धेश्य र प्रयोजनको प्रभावकारिताका लागि आवश्यक योजना तर्जुमा र परिचालनकाबारेमा सम्बन्धित पक्षहरुलाई स्पष्ट जानकारी नहुनु पनि अर्को समस्या हो । जसले सेवा तथा सुविधाको गलत प्रयोग हुनु र परिणाम शुन्य मात्र नभएर नकारात्मक असरहरु वृद्धिहुने अवस्था यत्रतत्र देखिन्छ ।

महिला हिंसा र घरेलु हिंसालाई बाहिर ल्याउने प्रविधिको विकास भएको छ । जसले गर्दा महिलाका समस्याका बारेमा समुदायतहमा खुल्ला बहस, छलफल र कानूनी उपचारको पहुँचमा बृद्धि हुँदै गइरहेको अवस्था छ । यसरी हिंसात्मक घटनाहरु उजागर गर्ने प्रयासका कारण हिंसात्मक घटनाको तथ्याँङ्क बढ्नु स्वभाविक हो । तर, त्यहि तथ्याँङ्कलाई नै आधार मानेर महिलाको क्षेत्रमा गरिएको लगानीले महिला हिंसालाई नै बढायो भन्ने सतही व्याख्या र प्रचारवाजीहरुको खण्डन गर्न सम्बन्धित महिला अधिकारकोपक्षमा काम गरिरहेका क्षेत्रहरुलाई अर्को चुनौती छ ।

राज्यले  न्यूनतम ३३ प्रतिशत संख्या पुऱ्याउने वाध्यतालाई बहन गर्न मात्र महिलाको सहभागिता गराउने अभ्यास यथावत छ । निर्णायक तहमा महिलाको पहुँच अझैपनि शुन्यप्राय छ । क्षमतावान महिलाहरु भएपनि समुदायले महिलाको नेतृत्वलाई विश्वास गर्ने वातावरणको अभावका कारण अवसरबाट बञ्चितीकरण यथावत छ ।

असमान आर्थिक अधिकार अर्को महत्वपूर्ण पक्ष हो । समानकाममा समान ज्यालाको अभ्यास अझसम्म भएको छैन । महिलाहरु अझैपनि अनुत्पादक काममा बढी व्यस्त छन् भने सम्पत्ति माथिको अधिकार अझै प्रयोग भएको छैन । गरीबी र पुरुषप्रति आश्रित वा परनिर्भरताका कारण हिंसालाई बढवा दिन सहयोग गरिरहेको छ भने व्यक्तिको स्वतन्त्र र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्राप्ति अझै भएको छैन ।

सबैले आफ्नो मात्र अधिकार प्राप्तिलाई ध्यान दिने र अरुका अधिकारको सम्मान र मनन नगर्नु पनि अर्को समस्या हो । जसले गर्दा महिला, जनजाति, पहुँचमा पुग्न नसकेका समुदायहरुको अधिकारको कुरा  सम्बन्धित समुदायको मात्र समस्याको रुपमा लिने प्रचलन छ । यसर्थ महिला हिंसा सामाजिक समस्याकोरुपमा समुदाय तथा सरोकारवालाहरुले अझै लिन सकिरहेका छैनन् । साझा बुझाइ अझै हुन सकेको छैन ।

अधिकारको प्रयोगसँगै नागरिक कर्तव्यकाबारेमा पनि समुदायमा समान बुझाइ नभएको अवस्था छ । जसले अधिकारको प्रयोगका नाममा सामाजिक सद्भाव र सामन्जस्यतामा प्रतिकूल प्रभाव परेको देखिन्छ । सकारात्मक विभेदकोरुपमा राज्यले संचालन गरेका नीति नियमहरु के का लागि भन्ने बुझाइका अभावमा कार्यान्वयनका लागि सामाजिक न्यायको अभ्यासका प्रयासहरु सामाजिक द्वन्द्वलाई वीजारोपण गर्ने साधनको रुपमा देखिन पुगेका छन् ।

विधवा महिलाहरु महिला भएको नाताले र साँस्कृतिक र धार्मिक दृष्टिकोणले दोहोरो विभेदमा छन् । सामाजिक सुरक्षाको स्थिति नाजुक छ । युवती, किशोरीहरुको अवस्था पनि त्यस्तै छ । करकापपूर्ण विवाह, बाल बलत्कार, यौन शोषणका घटनाहरु दिनप्रतिदिन बढ्दो छ ।

लामो समयसम्मको द्वन्द्वको असर र सामाजिक, साँस्कृतिक विभेदका कारण बढ्दो मनोसामाजिक समस्याको उपचारको अभाव, मनोसामाजिक समस्यालाई हेर्ने नकारात्मक दृष्टिकोण, र मनोसामाजिक समस्याकाबारेमा भएको सचेतनाको अभाव अर्को महत्वपूर्ण समस्या हो । हिंसामा परेका व्यक्तिहरुलाई पर्ने मनोसामाजिक समस्या र त्यसको तत्कालिन उपचारको अभावमा मानसिक समस्या बढ्दो छ । जसले आत्महत्या, सम्बन्ध विच्छेदका घटनाहरु, दुर्व्यसनी, हिंसात्मक व्यवहारहरुलाई प्रोत्साहन गर्ने र अपराधमा वृद्धि भइरहेको छ, त्यसका साथै पारिवारिक विचलन, वेमेल बढ्न गई द्वन्द्वलाई थप चर्काउने क्रम बढ्दो छ ।

हरेक घटनामा हुने राजनीतिक हस्तक्षेपका कारण विवादको समाधानमा भन्दापनि विवादलाई थप चर्काउने प्रचलन अझै यथावत छ । फलत : पारिवारिक मेलमिलापभन्दा पनि पारिवारिक क्षतिलाई बढवा दिइरहेको छ । राजनीतिक संरक्षणका कारण प्रभावकारी न्याय सम्पादनमा समस्या छ, दण्डहीनता बढेको छ, महिलाहरुको न्यायमा पहुँच पुगेको छैन ।

नेपाल प्रहरीको विगत ५ वर्षमा पूर्वाञ्चलक्षेत्रमा भएका महिला तथा बालवालिकासँग सम्बन्धित अपराधहरुको तथ्याँङ्का आधारमा घरेलु हिंसा र महिला हिंसाको संख्या अत्याधिक बढ्दो क्रममा छ । विगत पाँचवर्षलाई हेर्दा घरेलु हिंसाको संख्या दोब्बर भन्दा माथि छ ।

| आ.ब. | घटनाका प्रकृतिहरु | | | |
|---|---|---|---|---|
| | बलत्कार | बेचबिखन | बाल बिबाह | घरेलु हिंसा |
| ०६३/०६४ | ३१७ | ११२ | ७ | ११०० |
| ०६४/०६५ | ३०९ | १२३ | ४ | ८८१ |
| ०६५/०६६ | ३९१ | १३९ | २ | ९६८ |
| ०६६/०६७ | ३७६ | १६१ | ७ | ९८३ |
| ०६७/०६८ | ४८१ | १८३ | २ | १३५५ |
| ०६८/०६९ | ५५५ | ११८ | १२ | २२५० |
| जम्मा | २४२९ | ८३६ | ३४ | ७५३७ |

**श्रोतः महिला तथा बालबालिका अपराध विरुद्धको तथ्याङ्क : नेपाल प्रहरी**

## महिला अधिकार कार्यक्रम

मानवअधिकार मञ्च नेपालले स्थापनाकालदेखि नै महिला अधिकारका क्षेत्रमा काम गर्दै आएको छ । मञ्चले सन २००१ देखि इलाम जिल्लाका ३० गाविसमा गाविसस्तरीय मानवअधिकार महिला समूहहरु गठन, समूहहरुको क्षमता विकास र परिचालन गर्दै आएको थियो । यसैक्रममा सन् २००८मा जर्मन विकास सेवा (डिइडी हाल जिआईजेड) सँग संस्थागत विकास र महिला अधिकारका क्षेत्रमा काम गर्ने रणनीतिक साझेदारीको शुरुवात भयो । जर्मन विकास सेवाको सहयोगमा इलाम जिल्लाका ५ गाविसहरु क्रमशः कन्याम, समाल्बुङ, गोर्खे, पशुपतिनगर र जोगमाई गाविसमा महिला अधिकार समूह गठन, क्षमता विकास र परिचालन शुरु गऱ्यो । सन २०१० मा कार्यक्रमलाई विस्तार गर्दै थप तीन गाविसहरु क्रमशः शान्तिडाँडा, माबु र जमुना सहित जम्मा ८ गाविसमा कार्यक्रम सञ्चालन भयो । सन २०११ को अन्त्यमा समग्र कार्यक्रमको पुनरावलोकन गरियो । जस अनुसार सन २००८ मा शुरु गरिएका गाविसहरुमा रहेका महिला अधिकार समूहहरु स्वतन्त्ररुपले कार्यसम्पादन गर्न सक्ने अवस्थामा पाइए भने पछिल्लो पटक विस्तार भएका

समूहहरुलाई थप सहयोगको आवश्यकता देखियो । यसका आधारमा कार्यक्रमको २ वर्षे वर्हिगमन रणनीति २०१२ तयार भयो । बर्हिगमन रणनीति अनुसार पहिले गठन गरिएका समूहहरुलाई सन २०१२ को अन्त्यसम्म आवश्यक सहयोग गर्ने र बाँकी ३ समूहहरुलाई सन् २०१३ को अन्त्यसम्म सहयोग गर्ने योजना तयार भयो र कार्यान्वयन गरियो ।

## कार्यक्रमको लक्ष्य :

**महिला अधिकारको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने**

### कार्यक्रमका आशातित प्रतिफलहरु:

१) स्थानीय तहमा महिलाहरु संगठित भएर निर्धक्करुपमा काम गर्ने सक्ने क्षमता विकास भएको हुनेछ ।
२) घरेलु हिंसा र महिला हिंसामा परेका महिलाहरुले सहयोग पाइरहेका हुनेछन् ।
३) महिलाहरुले घरेलु हिंसा र महिला हिंसाका समस्यामा सहयोग लिने पद्धतिको विकास भएको ।
४) स्थानीय निकाय र सरोकारवालाहरुले महिलाका आवश्यकताहरुलाई प्राथमिकता दिने कार्यमा बृद्धि भएको हुनेछ ।
५) स्थानीयतहका क्रियाकलापहरु, योजना निर्माण र निर्णायक तहमा महिला सहभागिताको बृद्धि भएको हुनेछ ।
६) सामाजिक, आर्थिक सेवाहरुमा महिलाको अधिकार र आवश्यकताका आधारमा पहुँचको बृद्धि भएको हुनेछ ।
७) आफ्नो अधिकार र आवश्यकताका बारेमा आवाज उठाउनका लागि महिला सहभागिता र क्रियाकलापहरुको बृद्धि भएको हुनेछ ।
८) मानवअधिकार मञ्चको संस्थागत विकास भएको हुनेछ ।

## सञ्चालित क्रियाकलापहरु:

### १) समन्वय वैठक र महिला अधिकार समूह गठन :

कार्यक्रमको शुरुवातमा गाविसस्तरीय सरोकारवालाहरुसँग समन्वय वैठक गरियो । बैठक मार्फत १३/१३ सदस्य भएको गाबिसस्तरीय महिला अधिकार समूह गठन गरियो । यसरी गठन भएका महिला अधिकार समूहहरुमा जातजाती, क्षेत्र र समुदायको प्रतिनिधित्व हुनेगरी समावेशी समूहको निर्माण गरियो । दलित, जनजाति, विपन्न, अल्पसंख्यक समुदायका महिलाहरुको सहभागितालाई प्राथमिकता दिइएको छ ।

### २) महिला अधिकार समूहको क्षमता विकास :

गाविसस्तरमा गठन भएका महिला अधिकार समूहका सदस्यहरुलाई मानवअधिकार, महिला अधिकार, घरेलु हिंसा, महिला हिंसा, महिलासँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु, घरेलु हिंसा कसुर र सजाय ऐन, लैङ्गिक, लैङ्गिक मैत्री योजना तर्जुमा, नेतृत्व विकास, प्रस्तावना लेखन,

प्रतिवेदन लेखन, मेलमिलाप, सामाजिक लेखापरीक्षण, सार्वजानिक सुनुवाई, मनोसामाजिक मनोविमर्श जस्ता विभिन्न विषयहरुमा तालिम दिई क्षमता विकास गर्ने काम भयो । यसैगरी सहजीकरणशीप र प्रशिक्षक प्रशिक्षण तालिमहरु सञ्चालन गरी समूहका सदस्यहरुलाई स्थानीयतहमा सहजकर्ताकोरुपमा उत्पादन गरियो ।

### ३) समुदाय सचेतना

तालिमप्राप्त महिला अधिकार समूहहरुद्वारा गाविस तथा वडास्तरमा मानवअधिकार, महिला अधिकार, घरेलु हिंसा, महिला हिंसा, महिलासँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु, घरेलु हिंसा कसुर र सजाय ऐन, लैङ्गिक, मनोविमर्श जस्ता विषयहरुमा समुदाय सचेतना कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरियो । यसरी सञ्चालन हुने कार्यक्रमहरुमा मानवअधिकार मञ्चले आवश्यक प्राविधिक सहयोग गरेको थियो भने गाउँ विकास समितिले आवश्यक आर्थिक सहयोग गरेका थिए ।

### ४) सरोकारवालाहरुसँग नियमित अन्तरक्रिया :



गाविस तथा जिल्लास्तरीय सरोकारवालाहरुसँग, घरेलु हिंसा, महिला हिंसा, मनोसामाजिक मनोविमर्श, महिलाको अवस्था, हिंसामा परेका महिलाहरुलाई सहयोग संयन्त्रको निर्माण, परिचालन र व्यवस्थापन जस्ता विषयहरुमा नियमित अन्तरक्रियाहरु सञ्चालन गरिएको थियो । स्थानीय राजनीतिकदलहरु, सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघसंस्था, समूहहरु, अधिकारकर्मीहरुको नियमित सहभागिता रहेको थियो ।

### ५) कानुन कार्यान्वयनकर्ताहरुको क्षमता विकास



घरेलु हिंसा, महिला अधिकार, घरेलु हिंसा विरुद्ध ऐन, नीति नियमहरु, सार्वजानिक सुनुवाई, सामाजिक लेखापरीक्षण, लैङ्गिक मैत्री बजेट, मेलमिलाप, मेलमिलाप सम्बन्धि ऐन, मनोसामाजिक मनोविमर्श जस्ता विषयहरुमा कानुन कार्यान्वयनकर्ताहरु प्रहरी, गाविस सचिवहरु, सरकारी निकायका प्रतिनिधिहरुलाई तालिम, र कार्यशालाहरु सञ्चालन गरिएको थियो ।

## ६) सार्वजनिक सुनुवाई




गाउँ विकास समितिको नीति तथा कार्यक्रम, सेवा सुविधा र योजनाहरुका बारेमा गाविसस्तरमा सार्वजनिक सुनुवाई कार्यक्रमहरु सञ्चालन गर्ने, त्यसका लागि गाविस स्तरीय सरोकारवालाहरुलाई सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, महत्व, पद्धति र कार्यविधिका बारेमा अभिमुखीकरण गर्ने जस्ता क्रियाकलापहरु पनि सञ्चालन गरिएको थियो ।

## ७) घरेलु हिंसा विरुद्ध अभियान पूर्वाञ्चल नेटवर्क

घरेलु हिंसा विरुद्धको साझा प्रयासको जरुरीलाई महसुस गर्दै पूर्वाञ्चलस्तरीय नेटवर्क स्थापना भयो । इलाम, झापा र धनकुटा जिल्लाका ४ वटा संस्थाहरु मिलेर सन् २००९मा स्थापना भएको यो नेटवर्कको मानवअधिकार मञ्च नेपाल संस्थापक सदस्य हो । हाल नेटवर्कमा पूर्वाञ्चलका ८ जिल्लाका ९ वटा सदस्यसंस्थाहरु छन् । नेटवर्कको चौमासिक वैठक नियमित रुपमा बस्दछ जसमा घरेलु हिंसाकाबारेमा विभिन्न सदस्यसंस्थाहरुले गरेका क्रियाकलापहरुका बारेमा आदानप्रदान, नेटवर्क सदस्य संस्थाहरुको क्षमता विकास, साझा अभियान जस्ता क्रियाकलापहरु सञ्चालन गर्दछ । घरेलु हिंसा सम्बन्धि प्रकाशनहरु, अभियान, वृत्तचित्र, चेतनामूलक सामाग्रीहरुको प्रकाशन, वितरण, दिवशहरुको आयोजना जस्ता क्रियाकलापहरु नेटवर्कका नियमित क्रियाकलापहरु हुन् । कार्यक्रमले नेटवर्कको नियमित बैठक आयोजन गर्न सहयोग गऱ्यो ।

## ८) कचहरी नाटक



सचेतनाको प्रभावकारी माध्यम कचहरी नाटक मार्फत घरेलु हिंसा, महिला हिंसा, यस सम्बन्धि कानुनी शिक्षा जस्ता विषयवस्तुमा समुदायमा सचेतना सञ्चालन गरियो ।

## ९) निःशुल्क कानुनी, मनोसामाजिक तथा आपत्कालिन आवास सेवा :

घरेलु हिंसा र महिला हिंसामा परेका महिला तथा बालबालिकाका लागि निःशुल्क कानुनी परामर्श सेवा संस्थामार्फत प्रदान गरियो । त्यसैगरी महिला अधिकार समूह मार्फत नियमित परामर्श, मेलमिलाप, विवाद सहजीकरण नियमित रुपमा सञ्चालन भएको थियो । तालिम प्राप्त मनोविमर्शकर्ताहरुद्वारा निशुल्क मनोविमर्श सेवा पुऱ्याइएको थियो । यसका साथै आपतकालीन उद्धार र अस्थायी आवास सेवा नियमितरुपमा सञ्चालन गरिएको थियो ।

## १०) घरेलु हिंसा विरुद्ध स्थानीय जनशक्ति

जिल्लाका ३० गाविसमा रहेका मानवअधिकार तथा मेलमिलाप समितिका पदाधिकारीहरुलाई घरेलु हिंसा, घरेलु हिंसा विरुद्धको ऐन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, मनोसामाजिक मनोविमर्श जस्ता विषयहरुमा क्षमता विकास गरी घरेलु हिंसाका घटनाहरुको सहजीकरणका लागि स्थानीय जनशक्तिको विकास गरिएको छ ।

## ११) संस्थागत विकास :

कार्यक्रम अवधिमा साझेदारी मार्फत संस्थाका लागि एकजना प्राविधिक सल्लाहकारको तीनवर्षसम्म नियमित सहयोग रह्यो । यसका साथै संस्थामा रहेको जनशक्तिको क्षमता विकास गर्न विभिन्न तालिमहरु सञ्चालन भए । संस्थाको रणनीतिक योजना तर्जुमा, व्यवस्थापन, वित्तव्यवस्थापन, योजना चक्र व्यवस्थापन, अभिलेखीकरण, लेखाप्रणाली, जनसम्पर्क, प्रस्तावना लेखन, र विषयगत क्षेत्रहरु लैङ्गिक, मेलमिलाप, महिला अधिकार, कचहरी जस्ता विषयहरुमा जनशक्ति तयार गर्ने, र परिचालन गर्ने कामहरु भए । यसका साथै नागरिक शान्ति सेवा (जेडएफडी -जिआइजेड)को थप सहयोगमा मेलमिलाप, कचहरी नाटक, मनोसामाजिक मनोविमर्श, द्वन्द्वरुपान्तरण, जस्ता विषयहरुमा स्थानीय जनशक्ति तयार गर्ने र परिचालन गर्ने काम पनि भयो ।

## १२) अनुगमन र मूल्याङ्कन




कार्यक्रम र कार्यक्रमको उपलब्धि र अवस्थाकाबारेमा संस्थाको तर्फबाट नियमित अनुगमन र पुनरावलोकन गरिएको थियो । त्यसैगरी जर्मन विकास सहयोगबाट पनि समय समयमा अनुगमन गरियो । कार्यक्रमको अन्त्यमा सन् २०१२ को जनवरी र फेब्रुअरी महिनामा स्वतन्त्र मूल्याङ्नकर्ताहरुको समूहले कार्यक्रमको समग्र उपलब्धिको मूल्याङ्कन गऱ्यो । यसैगरी जर्मन सरकारका तर्फबाट महामहिम राजदुत फ्रेङ्क मेकिको उच्चस्तरीय प्रतिनिधि मण्डलले कार्यक्रमका बारेमा स्थलगत अनुगमन गरेको थियो ।

## कार्यक्रमको उपलब्धी

मानवअधिकार मञ्च नेपाल र जर्मन विकास सहयोगको साझेदारीका पाँचवर्षमा धेरै महत्वपूर्ण उपलब्धिहरु भएका छन् । सहयोगले संस्थाको आन्तरिक क्षमता विकास, कार्यक्षेत्र विस्तार, जनसम्पर्क सम्बन्ध र समन्वय जस्ता क्षेत्रहरुमा सुधार, सुरुवात र विस्तार गरेकोछ । त्यसैगरी विषयगत क्षेत्र विशेषत महिला अधिकार र घरेलु हिंसा विरुद्धको संस्थाको अभियानमा महत्वपूर्ण प्रभाव पारेको छ । शारांशमा स्थानीयतहमा महिलाहरुको सकृय सहभागितामा बृद्धि भएको छ । कार्यक्रम लागु भएका गाविसका महिलाहरु विकास निर्माण, र स्थानीय गतिविधिहरुमा निर्णायक तहमा रहेर काम गर्दैछन् । घरेलुहिंसा र महिला हिंसामा परेका महिलाहरुका बारेमा समुदायतहमा खुला बहस र छलफलहरु चलाउने संस्कारको विकास भएको छ । विवाद सहजीकरण, मेलमिलाप, कानुनी परामर्श र मनोविमर्श सेवाका माध्यमबाट समस्यामा परेका महिलाहरु लाभान्वित भएका छन् जसले गर्दा विपन्न महिलाहरुको न्यायमा पहुँच बढेको छ । महिला अधिकार समूहका सदस्यहरुले आफ्नो पहिचान पाएका छन्, ताकि कसैको श्रीमति वा छोरी भन्नुको सट्टा आफ्नै नामले समुदायमा परिचितछन् । महिला अधिकार समूह सार्वजानिक सरोकारका विषयहरुमा सुसूचीत गर्ने समूहको रुपमा समुदायले विश्वास गर्दछन् । यी समूहहरु हाल आएर सचेतना, मेलमिलाप, सहजीकरण बाहेक सुशासनका लागि पनि महत्वपूर्ण भूमिका खेल्ने समूहको रुपमा परिचित छन् । गाविसस्तरीय सरोकारवालाहरु र स्थानीय समुदायले समूह र समूहका पदाधिकारीहरुलाई स्वतन्त्र र निश्पक्ष समूहको रुपमा लिने गरेका छन् ।

## कार्यक्रमका महत्वपूर्ण उपलब्धीहरु :

### महिला अधिकार समूह गठन र परिचालन

जिल्लाका ८ गाविसमा १३/१३ सदस्यीय गाविस स्तरीय महिला अधिकार समूहहरुले काम गरिरहेका छन् । सबै समूहमा तालिमप्राप्त महिलाहरु छन् । यी समूहहरुले महिला हिंसा र घरेलु हिंसामा परेका महिलाहरुलाई कानुनी परामर्श, मनोसामाजिक सहयोग, मेलमिलाप प्रकृया जस्ता सेवा प्रदान गरी सहयोग गर्दछन् भने कानुनी सचेतना, सार्वजानिक चासो र महत्वका विषयहरुमा सरोकारवाला र समुदायमा सचेतना, क्षमता विकास, सार्वजानिक सुनुवाई जस्ता क्रियाकलापहरु निरन्तर रुपमा सञ्चालन गर्दै आएकाछन् ।

### सहयोग लिने प्रकृयाका बारेमा जानकारी

समुदायतहका महिलाहरुमा हिंसामा परेका महिलाहरुले कहाँ ? कोसँग ? र कसरी सहयोग लिने भन्ने कुराको स्पष्ट जानकारी छ । कार्यक्रम अवधिको तथ्याँङ्कलाई हेर्दा वार्षिक २०० भन्दा बढी घरेलु हिंसा र महिला हिंसाका विवादहरु महिला अधिकार समूहमा दर्ता भएका छन् । ती मध्ये धेरै विवादहरु परामर्श र मेलमिलाप प्रकृयाद्वारा समाधान भएकाछन् ।

## अधिकारका लागि महिला सकृयतामा वृद्धि

महिला अधिकार समूहहरुले महिला र लक्षितवर्गको कानूनी अधिकारका लागि सरोकारवालाहरुसँग वहस, पैरवी नियमित छलफल सञ्चालन गर्दै आएका छन् । राज्यका नीति नियमहरुको प्रभावकारी कार्यान्वयनका लागि नियमित पैरवी  गर्ने चलनको थालनी भएको छ ।

## महिला सहभागितामा बृद्धि

महिलाहरु विशेष गरी तालिमप्राप्त महिलाहरु हाल गाविसका विभिन्न समिति, समूहहरुमा नेतृत्वदायी भूमिकामा सकृय सहभागी भएका छन् । सामाजिक क्षेत्रहरु जस्तै विद्यालय व्यवस्थापन समिति, बन उपभोक्ता समिति, त्यसैगरी राज्यका क्षेत्रहरु जस्तै गाविसको योजना तर्जुमा समिति, बजेट विनियोजन समिति, वडा नागरिक मञ्च, उपभोक्ता समितिहरु, र गाविस परिषदहरुमा महिलाहरुको सहभागितामा वृद्धि भएकोछ ।

## स्थानीय निकायहरु घरेलु हिंसा न्यूनीकरण र महिला अधिकारका लागि प्रतिवद्ध भएका छन्

जिल्लाका प्रमुख सरकारी निकायहरु जिल्ला प्रशासन कार्यालय, प्रहरी, नगरपालिका, जिल्ला विकास समितिहरुका प्रमुखहरुले महिला हिंसा र घरेलु हिंसा विरुद्धको अभियानमा लिखित प्रतिवद्धता जनाएका छन् । त्यसैगरी गाविसले हरेकवर्ष महिलाअधिकार र घरेलु हिंसा न्यूनीकरणका लागि बजेट विनियोजन गर्ने पद्धतिको विकास भएको छ ।

## समुदायमा सचेतनामा बृद्धि

महिला अधिकार, महिला हिंसा, घरेलु हिंसा र यस सम्बन्धि कानुनी प्रावधानहरुका बारेमा सञ्चालन हुने सचेतनामा महिला र पुरुष केन्द्रित सचेतनामूलक तालिम, प्रचार सामाग्री, कचहरी नाटक जस्ता क्रियाकलापहरु सञ्चालन भए । जसले गर्दा पूर्वाञ्चलका ८ जिल्लाका करीब २५००० भन्दा बढी समुदायका मानिसहरुलाई यी सामाग्रीका माध्यमबाट सचेतना पुऱ्याइएको छ ।

## महिला अधिकार समूहको लोकप्रयता र आवश्यकताको महसुस

कार्यक्रम लागु भएका सबै गाविसका सबै वडाहरुका समुदायमा महिला अधिकार समूहका बारेमा जानकारी पुगेको छ । महिला अधिकार समूहका सदस्यहरुलाई महिला अधिकारकर्मीको रुपमा समुदायले विश्वास गरेको छ । त्यसैगरी स्थानीय अन्य संघ संस्था र सरोकारवालाहरुले महिला हिंसा, घरेलु हिंसाका विवादहरुमा, लैङ्गिक जस्ता विषयका तालिम, गोष्ठी जस्ता क्रियाकलापहरुमा महिला अधिकार समूहका सदस्यहरुलाई सहजीकरणका लागि श्रोत व्यक्तिको रुपमा अनुरोध गर्ने गर्दछन् । महिला अधिकार समूह समुदाय तथा सरोकारवालाहरुका लागि अभिन्न अङ्गको रुपमा स्थापित भएको  छ ।

## सुशासनमा सहयोग

महिला अधिकार समूहहरुले सञ्चालन गर्ने नियमित कानुनी वहस, छलफल, त्यसैगरी सार्वजानिक सुनुवाई, लैङ्गिक मैत्री क्रियाकलाप जस्ता कार्यक्रमले सुशासन प्रवर्धनमा सहयोग पुगेको छ भने राज्य र नागरिकको सम्बन्ध सुदृढ गर्न सहयोग पुगेको छ ।

## घरेलु हिंसा विरुद्धको पूर्वाञ्चल नेटवर्क




कार्यक्रमका माध्यमद्वारा घरेलुहिंसा विरुद्ध अभियान चलाईरहेका पूर्वाञ्चल क्षेत्रमा काम गर्ने विभिन्न जिल्लाका संस्थाहरुको अनौपचारिक सञ्जालको स्थापना सन् २००९मा भयो । मानवअधिकार मञ्च नेपाल इलाम यसको संस्थापक सदस्य र पूर्व सचिवालय सदस्य हो । कार्यक्रमले नेटवर्कको नियमित बैठक आयोजना गर्नेकाममा सहयोग गर्नुका साथै नेटवर्कमा आवद्ध सदस्यसंस्थाहरुसँग आदानप्रदान, समन्वय र सहकार्य गरिरहेको छ । हाल नेटवर्क सदस्य संस्थाहरुको साझा चौतारीको रुपमा क्रियाशिल छ भने सदस्य संस्थाहरुले नेटवर्कलाई संस्थाको एउटा अभिन्न अङ्गकोरुपमा संस्थागत गरेका छन् । हाल नेटवर्कमा विभिन्न ८ जिल्लाका ९ वटा संस्थाहरु आवद्ध छन् ।

## सरोकारवालाहरुमा साझा बुझाइ

कार्यक्रमले जिल्लास्तरीय सरोकारवालाहरु र गाविसस्तरीय सरोकारवालाहरुबीचमा महिला हिंसा र घरेलु हिंसाका बारेमा साझा बुझाइको विकास गरेको छ । घरेलु हिंसा महिलाको मात्र हिंसा नभएर सामाजिक समस्याको रुपमा लिन थालिएको छ । जिल्लास्तरका मुख्य सरोकारवालाहरुले अभियानमा सहयोग गर्ने लिखित प्रतिवद्धता जनाउँदै, महिला हिंसा र घरेलु हिंसा सम्बन्धि समस्यामा समन्वय सहकार्य र प्राथमिकतामा राख्ने पद्धतिको विकास भएको छ ।

## संस्थागत विकासमा सहयोग

साझेदारी कार्यक्रमले संस्थागत विकासमा महत्वपूर्ण सहयोग पुऱ्यायो । संस्थाको रणनीतिक योजना तर्जुमा, योजना निर्माण, अनुगमन, लेखाप्रणाली, नीति निर्माण, व्यवस्थापन, जनसम्पर्क, अभिलेख प्रणाली र समन्वयका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्ने काम गऱ्यो । त्यसैगरी मेलमिलाप, लैङ्गिक, मनोसामाजिक मनोविमर्श जस्ता विषयहरुमा जनशक्ति उत्पादन र परिचालनमा सहयोग गऱ्यो । सहयोगका कारण संस्थाको संस्थागत दक्षता व्यवस्थापन र परिचालनमा स्तरउन्नती भएको छ । संस्थाले प्रतिफलमा आधारित कार्यक्रम व्यवस्थापन प्रणाली अबलम्बन गरेको छ । त्यसैगरी

संस्थाको कार्यक्षेत्रको विस्तारमा सहयोग पुगेको छ, संस्थाले दिने सेवामा बृद्धि भएको छ । विशेषगरी मेलमिलाप र मनोसामाजिक मनोविमर्श सेवा संस्थागत भएको छ । हाल संस्थासँग १० जना तालिम प्राप्त मनोविमर्शकर्ता छन् भने ५०० भन्दा बढी मेलमिलापकर्ताहरु स्थानीय तहमा क्रियाशील छन् ।

## सिकाइ

कार्यक्रम सञ्चालन र त्यसले समुदायमा पारेको प्रभावसँगै कार्यक्रम मार्फत निम्न महत्वपूर्ण सिकाइहरु भएका छन् ।

- महिला अधिकारकाबारेमा नियमित जानकारी राख्न, आफ्ना समस्याहरु राख्न र अधिकारकाबारेमा आवाज उठाउन गाविसस्तरमा महिला समूहहरु साझा चौतारीको रुपमा प्रभावकारी हुने रहेछ ।
- महिलाहरुको दीर्घकालिन क्षमता विकास गर्न तालिमका साथै नियमित समन्वय र उत्प्रेरणा जरुरी हुने रहेछ ।
- महिला अधिकार, घरेलु हिंसा जस्ता विषयमा सरोकारवालाहरुको सहयोगमा बृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुलाई पनि यी विषयहरुमा सचेत गराउनु पर्दछ ।




- स्थानीय श्रोत, साधन र राज्यको सेवा सुविधाको प्रभावकारी प्रयोगका लागि महिला समूह महत्वपूर्ण सम्भावना हुने रहेछ ।
- महिला समूहको गठन र परिचालनले संख्यात्मक सहभागितामा मात्र बृद्धि हुने तर निर्णायकतहमा महिलाहरुको सक्रिय वा गुणात्मक सहभागिताका लागि भने थप काम गर्नु पर्ने रहेछ ।
- नियमित र योजनावद्ध प्रयासले छोटो समयमा पनि अपेक्षित उपलब्धि हासिल हुने रहेछ ।
- महिला अधिकारका लागि महिला मात्र नभई पुरुषको पनि सहभागिता गर्दा प्रभावकारी हुने रहेछ । तसर्थ हरेक क्रियाकलाप सञ्चालन गर्दा लक्षितवर्ग बाहेकका अन्य सरोकारवाला र समुदायहरुको सहभागिताको सुनिश्चितता आवश्यक छ ।

## भावी योजना

- कार्यक्रमले उत्पादन गरेको जनशक्ति तथा श्रोत समूहको परिचालनका लागि स्थानीय निकायलाई हस्तान्तरण गर्ने र आवश्यक उत्प्रेरणा र प्राविधिक सहयोगलाई निरन्तरता दिने ।
- मनोसामाजिक मनोविमर्श, कानूनी सहयोग तथा आपतकालिन उद्धार, आवास र मेलमिलाप सेवालाई निरन्तरता दिने ।
- प्राप्त उपलब्धिहरु तथा  सिकाइहरुलाई क्रमश : संस्थागत गर्दै लैजाने ।
- कार्यक्रमका महत्वपूर्ण पक्षहरुलाई अन्य कार्यक्रमहरुमा समावेश गर्ने ।
- कार्यक्रम प्रभावकारी भएकाले अन्य गाविस र अन्य जिल्लाहरुमा पुन: सञ्चालन गर्न सम्बन्धित दातृ निकायहरुसँग समन्वय गरी इच्छुक सहयोगी संस्थाहरुलाई आव्हान गर्ने ।

# अनुभव

✍ **रेणुका राई**
कार्यक्रम व्यवस्थापक
महिला अधिकार कार्यक्रम



मानव अधिकार मञ्च नेपाल, इलाम अधिकारमा आधारित संस्था भएका कारण मलाई यहाँ काम गर्ने धेरै इच्छा थियो । मैले २०६७ साल फाल्गुनदेखि संस्थामा आबद्ध भई विषेश गरी महिला अधिकारका क्षेत्रमा काम गर्ने अवसर प्राप्त गरें । महिला अधिकार समूह कार्यक्रम अन्तरगंत मञ्चमा प्राविधिक सल्लाहकारको रुपमा GIZ मार्फत Anke Beiderhase कार्यरत थिइन् । विदेशी मूलका व्यक्तिसँगको काम गराइ, मेरो जीवनमा पहिलो पटक नै थियो । म यस कार्यक्रमको अन्त्य तिर मौजुदा क्रियाकलापहरु सञ्चालनका क्रममा मात्र सहभागी हुन सकें, यस कारण पनि मसँग धेरै द्विविधाहरु थिए । नयाँ संस्थाको संस्कार, कर्मचारीहरुको व्यवहार, कार्यक्रमको ढाँचा, भूगोल, कार्यक्रम अन्तर्गत बनेका समूहहरुसँगको सहकार्य कस्तो होला ? म गर्न सकौला कि नसकौला ? जस्ता विषयले मेरो मनमा केही समय घर गऱ्यो । समस्याका पछि समाधान भने जस्तै समूहसँगको भेटभाटको क्रमसँगै यी समस्याहरु किनारा लाग्दै गए ।

महिला अधिकार समूह कार्यक्रम सञ्चालन भएका ८ गाविसहरुको पहिलो पटक भ्रमण गर्ने शिलशिलामा संस्थाका उपाध्यक्ष वीरबहादुर खड्कासँग र अन्य गाविसमा भने मैले एक्लै यात्रा गरें । समूहको बैठकबाट रिपोटिङ्ग लिने, योजना निर्माण गर्ने साथै आएका समस्या तथा चुनौतिहरुका विषयमा छलफल सम्पन्न गरियो । समूहसँग सहकार्य गर्दा तालिम प्राप्त, सहज र सरल समूह, कुनै गाविसमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका त कुनै आफ्नो परिचय स्थापित गर्दै गरेका, लगनशील, सामाजिक सेवाका भावनाले प्रेरित, प्रगतिशील र शसक्त महिलाहरुलाई पाएँ । यसले मलाई काम गर्ने उत्साह थप्यो ।

महिला अधिकार समूहसँगको सम्पर्क तथा समन्वयका लागि दुई महिनामा एक पटक गाविसको भ्रमण गर्नुपर्ने हुन्थ्यो । कार्यक्षेत्र भ्रमणका क्रममा भएका केही घटनाहरु अहिले पनि मेरो सम्झनामा आइरहन्छन् । महिला अधिकार समूह शान्तिडाँडाको हरेक महिनाको २० गते बैठक हुन्थ्यो । समूहसँग छलफल गर्दै गर्दा गाविसको योजना तर्जुमा प्रक्रियामा महिला तर्फको बजेट अन्तर्गत सचेतनामूलक कार्यक्रमको प्रस्तावना पेश गरेको तर गाविस सचिवले समूहलाई बजेट नछुट्याएको जानकारी गराउनु भयो । मैले गाविस सचिव श्री केशरबहादुर राईसँग चिनजान र सम्बन्धित विषयमा जिज्ञासा राखे । उहाँको पहिलो प्रतिक्रिया खास सकारात्मक थिएन । तर केही समयको छलफलपछि उहाँले बजेट दिन स्वीकार गर्नु भयो । तर उहाँले त्यही महिनाको २८ र २९ भित्रमा कार्यक्रम सम्पन्न गरी सक्नु पर्ने कुरा गर्नुभएपछि सोही अनुरुप कार्ययोजना बनाई समूहको पहल र संस्थाको सहजीकरणमा सफल गरी सम्पन्न भयो । यसपछि अन्य महिला अधिकार समूहहरु र गाविससँगको सम्बन्ध सकारात्मक हुनका साथै सहकार्यमा विकास भएको छ ।

माबु गाविसमा समितिको मासिक बैठक महिनाको २६ गते बस्थ्यो । योगराज सापकोटा र म माबुको छलफल सकेर जमुना जाने बाटोमा पर्ने खहरे खोल्सा तर्दै गयौं । स्थानीयहरु भीर भत्किएर बाटो बिगारेको बनाउदै थिए । हामीले रुखमा पलाएको भ्याउ र सुनाखरीको फोटो खिच्दै आनन्दले

डेढ घण्टाको यात्रा पुरा गयौं । पछि थाहा भयो माबु र जमुनाको सीमानामा पर्ने त्यस स्थानमा केही हत्या, चोरीका घटनाहरु भएका रहेछन्, त्यसको निराकरणमा स्थानीय महिला समूहहरु र संस्थाको तर्फबाट घटनाका पीडितहरुलाई कानुनी साहयता गरिएको रहेछ ।

मैले जस्तो सोचेको थिएँ त्यो भन्दा समूहका सदस्यहरु क्षमतावान र गाविस तहमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको पाएँ । मैले जिम्मेवारी लिदा विषेश गरी शान्तिडाँडा, माबु र जमुना ३ गाविसमा नयाँ समूहहरु गठन भएका थिए । महिला अधिकार समूह गाविसमा घरेलु हिंसाबाट पीडित महिलाहरुका लागि सहयोग गर्ने सहज माध्यम भएका थिए । तालिम प्राप्त जनशक्ति भएका कारण समूहमा धेरै विवाद र घटनाहरु आउथे र उहाँहरुका लागि आफ्नो कार्यक्षेत्र एउटा अभ्यास गर्ने थलो भएको थियो । वास्तवमा सैद्धान्तिक ज्ञानले मात्र नभएर अभ्यासले पनि पोख्त महिलाहरुलाई पाउँदा उहाँहरुलाई अवसरको मात्र आवश्यकता रहेछ भन्ने कुरा प्रष्ट हुन्थ्यो । समूहका सदस्यहरुले आफ्नो व्यक्तिगत जीवन, घरायसी जीवन र सामाजिक सेवा जस्तो तेहेरो जिम्मेवारीको बोझलाई साच्चै मज्जाले व्यवस्थापन गर्न सक्नु भएको पाएँ । यसले गर्दा उहाँहरुसँगको सहकार्य मेरा लागि सिक्ने एउटा खुल्ला विश्वविद्यालय भयो । उहाँहरुको उर्जाशील जीवनशैलीबाट मेरो जीवनमा पनि धेरै कुराहरु अनुशरण गरेको छु ।

महिला विरुद्ध हुने हिंसा तथा घरेलु हिंसा न्यूनीकरणका लागि महिलाहरुलाई मात्र नभएर पुरुषहरुको पनि समान सहभागितामा गर्दा बढी प्रभावकारी हुने कुराको सिकाइ भयो । किनकी, महिला हिंसा, घरेलु हिंसा, यसका लागि राज्यले गरेको कानुनी व्यवस्थाहरुको विषय सबैको सरोकारको विषय हुन् । यो समस्या हाम्रो समुदायको साझा समस्या हो । यसको न्यूनीकरणका लागि सरोकारवालाहरुको साझा बुझाइ र साझा प्रतिबद्धताका गराउन जिल्लातहमा हामीले जिल्लाका प्रमुख सरोकारवालाहरुको प्रतिवद्धता सहितको हस्ताक्षर संकलन र नवीकरण गर्ने कार्यहरु गरेका थियौं ।

कार्यक्रमकै अवधिमा संस्थाले आयोजना गरेको मनोसामाजिक मनोविमर्श सम्बन्धी ६ महिने आवशीय तालिम प्राप्त गरी मनोसामाजिक मनोविमर्शकर्ताको रुपमा काम गर्ने सीप हासिल गर्न पाएको छु । घरेलु हिंसाबाट पीडित महिलाहरुलाई कानुनी उपचार मात्र नभएर उनीहरुलाई परेको मानसिक तनावलाई कम गरी मानसिक रुपमा स्वस्थ्य बनाउनु पनि प्रमुख कार्य हुन्छ भन्ने तालिम पछि महसुस भएको छ । यसरी समस्या प्रभावित व्यक्तिलाई मनोसामाजिक रुपमा स्वास्थ्य बनाउने सँगै समस्याको प्रकृतिका आधारमा कानुनी वा अन्य सहयोग दिन सके व्यक्तिलाई आन्तरिक तथा बाह्य दुवै रुपमा न्याय दिलाउन सकिन्छ भन्ने कुरा काम गर्ने क्रममा सिकाइ भएको छ । यसका लागि बृहत्तर अवधारणा (Wholestic Approach) सहयोगको आवश्यक्ता पर्ने कुराको बोध भएको छ । समस्या परेका व्यक्तिहरुको विश्वास जितेर उनीहरुको भावनामा असर नपारी धेरै कुराहरु लिने र भावनात्मक सहयोग प्रदान गर्ने सीपका कारण अहिले पहिलाभन्दा काम गर्ने तरिकामा फरक आएको छ ।

महिलाहरुको क्षमतामा विकास गरी सामाजिक, आर्थिक र राजनीतिक अधिकार सम्पन्न बनाउनु एउटा चुनौति हो । मेरो बुझाईमा महिला अधिकार समूह आफ्नो अधिकारको उपयोग गर्दै समाजमा द्वन्द्व रुपान्तरण गरी सामाजिक न्याय स्थापनाका लागि क्रियाशिल एउटा सचेत, क्षमतावान, सशक्त महिलाहरुको समूह हो । समय गतिशील छ , एउटै विषय समयसँगै परिवर्तन र विकास भएर जान्छ । महिलाहरुमा समयक्रमसँगै नवीन ज्ञान र सूचनाहरुबाट अद्यावधिक गरिरहन सके समुदायमा प्रभावकारी रुपमा क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुग्नेछ ।

# मैले नयाँ जीवन पाएँ



✍ **गायत्री थेगिम**
**मनोविमर्शकर्ता**

पुष्पा (परिवर्तन गरिएको नाम) एकजना मनोसामाजिक समस्या प्रभावित ३१ वर्षीय एस.एल.सी. सम्म अध्ययन गरी विवाहित महिला हुन । दुईबटा नानीहरु जन्मेपछि उनको श्रीमान्ले आत्महत्या गरेपछि उनलाई पारिवारिक समस्या र श्रीमानको मृत्युको घटनाले निरन्तर सताउन थाल्यो । उनलाई सामाजिक मूल्यमान्यताको आडमा अपमान गर्न थालियो । विहानै र कुनै साइतको समयमा बिधवाको मुख हेर्नु हुँदैन लोदर लाग्छ, अपसकुन हुन्छ भनी सामाजिक र धार्मिक क्रियाकलापमा परिवारका सदस्यहरुले खुलेर सहयोग गर्न नचाहाने भएकोले विस्तारै घरको काम गर्न मन नलाग्ने, आफैं पनि आत्महत्या गरौं जस्तो लाग्ने, उनको घरपरिवार तथा आफू बसेको ठाउँबाट विरत्तिएर बसाईं सर्ने विचार आउने वा सबै व्यबहार छोडेर हिंडौं जस्तो लाग्न थाल्यो । दिनदिनै विरक्तिएर उनको ब्यवहार र सोचाइ नकारात्मक बन्दै जान थाल्यो । यस्तो समस्यामा परेपछि उनको आमाजुले मानवअधिकार मञ्चमा मसँग भेट गराउनु भयो । पहिलो भेटमा उनमा **शरीरमा** टाउको दुख्ने, थकाई लाग्ने, हातखुटा गल्ने, काम गर्न मन नलाग्ने, खान मन नलाग्ने, निन्द्रा नलाग्ने, **मनमा** श्रीमान्को याद आइरहने, मन दोधार भइरहने, आफै पनि आत्महत्या गरौं जस्तो लाग्ने, यो ठाउँ नै छोडेर हिंडौं जस्तो लाग्ने **व्यवहारमा** रीस उठिरहने, दिक्क लाग्ने, शङ्खालु हुने र **सम्बन्धमा** परिवारका सदस्यसँग टाढा हुने, झगडा गर्न मन लाग्ने जस्ता चारपक्षीय असरहरु देखियो ।

समस्याबाट उनलाई पहिलाको अवस्थामा ल्याउन मनोविमर्शको शीप प्रयोग गर्दै भावनात्मक सहयोग गरियो । मनोविमर्श सेवा ६ पटकसम्म प्रदान गरेपछि उनीमा धेरै परिवर्तन आएको छ । पहिलो भेटमा बताएका नराम्रा विचारहरुलाई उनले बिर्सिसकेको बताउछिन् । आफ्नो मुख्य पेशा कृषी भए पनि समस्या भएको बेलामा उनले यो पेशालाई कम महत्व दिने गरेको बताउने गर्थिन । हाल उनले कृषी पेशाबाट नै परिवारको व्यवहार चलाउदै आएकी छन् । समस्या परेको अवस्थामा उनी परिवारका सदस्यहरुबाट टाढा बस्ने इच्छा भएको बताउथिन् तर अहिले यो घर नै मेरो भविष्य हो भन्ने सकारात्मक विचार उनमा आएको छ । **"मैले मर्नु हुदैन, छोराछोरीको भविष्य विग्रन्छ उनीहरुलाई कसरी असल शिक्षादिक्षा दिने बारेमा सोच्न थालेको छु । कुराकानीपछि मनहलुको भएको छ । मैले नयाँ जीवन पाएँ । फेरिपनि मनमा समस्या भए भेटन आउँछु वा फोनमा कुराकानी गर्नेछु"** भन्ने गर्छिन । यो सेवाबाट उनका आफन्तहरु र परिवारका सदस्यहरु ज्यादै प्रभावित भएको बताउदै "समस्या हुनु पूर्वको अवस्थामा जस्तै उनले व्यवहार देखाउने" गरेका बताएका छन् ।

नेपाली उखान "**मनको बह कसैलाई नकह "** भन्ने चलनले गर्दा मनमा भएका समस्याहरु अरुलाई भन्न हुदैन भन्ने मान्यता हाम्रो समाजमा रहेको पाइन्छ । यसैगरी रुढीग्रस्त धारणाको कारण समाजमा धेरैले मनोसामाजिक समस्या झेल्नु परेको छ र कतिपयले त ज्यान नै गुमाउनु पर्ने परिस्थिती बनेको पाइन्छ । नेपाल जस्तो विकासोन्मुख, गरीब, तथा द्वन्द्वको प्रभावमा परेको राष्ट्रमा त झन मनोसामाजिक समस्याले प्रभाव पार्ने गर्दछ । जति नै समस्या भएपनि बाहिर ल्याउने प्रचलन भने पाइदैन । यदि कसैले आफ्नो समस्या बाहिर ल्यायो भने समाजले ऊ प्रति नकारात्मक दृष्टिकोणले हेर्ने गर्दछ । मनमा भएको समस्या बाहिर ल्याउदा समाजले पागल, बहुला, ठिस भएछ, खुस्किएछ आदि उपनाम दिने गर्दछ । यही कुराले झन मनमा पीडा थप हुन्छ भने डरका कारणले गर्दा पनि यस्ता समस्याहरु बाहिर ल्याउने गर्दैनन् । जब समस्याबाट मानिस ग्रसित हुन थाल्दछ तव परिवार वा समाजले बाँधेर राख्ने वा कोठामा थुन्ने गर्दछन् र उपचारका लागि भने कम महत्व दिने गरिन्छ । धामीझाँकी लगाउने चलन कहींकहीं पाइन्छ तर समाजमा यस्तो समस्याको पनि उपचार हुन्छ भन्ने ज्ञानको अभाव भएको पाइन्छ । मनोसामाजिक समस्याबाट प्रभावितलाई मनोविमर्श सेवाबाट ठिक हुन्छ भन्ने सन्देश फैलाउन जरुरी देखिन्छ ।

अन्त्यमा तपाई हामीमा पनि पुष्पाको जस्तै समस्या हुन सक्छ । यस्तो समस्या भएमा निर्धक साथ यसको उपचार गराउन पर्दछ । मनोसामाजिक समस्याको पनि उपचार गराएर मानसिक रुपमा स्वस्थ्य जीवन यापन गरौं ।

# महिलाहरूको
# समस्याको समाधानमा सारथी बनेकी छु



**टीकादेवी श्रेष्ठ (अध्यक्ष, महिला अधिकार समूह, शान्तिडाँडा, इलाम)**

टीका श्रेष्ठ गाविसमा लगनशील महिलाहरु मध्येकी एक हुन । उहाँले २०६७ सालमा मानव अधिकार मञ्च नेपाल, इलाम मार्फत बनेको महिला अधिकार समूहकी अध्यक्ष भएर गाविसमा सक्रियताका साथ काम गर्न थाल्नुभएको हो । यसरी समूहमा आवद्ध हुनअघि, गाविसको योजनाहरु कसरी बन्छ ? कसरी बजेट विनियोजन हुन्छ ? कति बजेट हुन्छ ? भन्ने विषयमा कुनै जानकारी थिएन । यस्तै महिलाहरुको हक अधिकार, कानुनी व्यवस्थाहरु र हिंसा पीडित महिलाहरुलाई कसरी सहयोग गर्ने भन्ने विषयमा पनि धेरै जानकारी थिएन । यस समूहमा आवद्ध भएपाश्चात संस्थाले क्षमता विकासका लागि प्रदान गरेको विभिन्न तालिमहरुका कारणले गर्दा गाविसका महिलाहरुको समस्या समाधानका लागि उहाँ आज **एक सारथी** बन्न सफल हुनु भएको छ ।

केही समय अघिसम्म शान्तिडाँडा गाविसमा महिलाहरुलाई सामाजिक सेवाको भावना भए पनि विभिन्न कारणले गर्दा घरबाहिर कामगर्न सहज थिएन् । तर उहाँ महिला अधिकार समूहमा आबद्ध भएपछि सामाजिक कार्यमा लाग्न उहाँको श्रीमानले सकारात्मक वातावरण बनाइदिनु भयो । यसै अवसरलाई उपयोग गर्दै आज उहाँ गाविसमा आफ्नो छुट्टै पहिचान बनाउन सफल हुनु भएको छ । "सामाजिक कार्यमा योगदान गर्न त्यति सहज हुन्न । सामाजिक काममा निस्केपछि मौसम अनुसारको बालीनाली उठाउने, लगाउने कामहरुमा आफू पछाडि पर्ने, कुनै विवाद समाधानका लागि दुई, तीन दिनसम्म लाग्ने हुदाँ समस्या पनि हुन्छ । तर महिलाहरुले आफ्नो समस्याहरु लिएर सहयोगका लागि आउनु भएपछि उहाँहरुलाई सन्तोषजनक न्याय दिन सक्दा आनन्द लाग्छ । पहिला भन्दा अहिले गाविस, राजनीतिकदल, बुद्धिजीविहरुले पनि समूहको काममा विश्वास र सहयोग गर्ने भएका कारण काम गर्न सहज महसुस भएको छ ।"

"गाविसको एकीकृत योजना तर्जुमा समितिमा महिलाका तर्फबाट प्रतिनिधित्व गर्न पाएकोले गर्दा महिलाहरुको बजेट विनियोजन साथै कार्यक्रम सञ्चालन गर्ने अनुभव भएको छ । महिला अधिकार समूहले राज्यको नीति र निमयमा कार्य गर्ने भएकाले अरु समूहहरुको काम गराइभन्दा फरक देखिन्छ । महिलाअधिकार समूहले काम गर्ने तौरतरिकाहरु सबैका लागि चित्त बुझ्दो हुनुले नै महिला अधिकार समूह गाविस तहमा परिचित बन्दै गएको छ । "

"महिला हिंसा न्यूनीकरणका लागि गाविस स्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने, हिंसामा परेका व्यक्तिहरुलाई परार्मश, सम्बन्धित निकायमा सिफारिस गर्ने र मेलमिलाप गराउने कामहरु गाविस तहमा गर्दै आएकी छु । महिला अधिकार, घरेलु हिंसा जस्ता विषयमा गाविस तहमा मात्र नभएर वडास्तरसम्म सचेतनामूलक कार्यक्रम गर्ने हाम्रो समूहको योजना समेत रहेको छ । यी सबै काममा समूहका सबै पदाधिकारीहरु र सदस्यहरुको कामले हामीलाई महिला हिंसा तथा घरेलुहिंसामा पीडित दिदीबहिनीहरुले आफ्नो सामस्याको रथ हाँकीदिने सारथीकोरुपमा लिनु भएकोछ । काममा विश्वास स्थानीय निकाय र सरोकारवालाहरुले गर्नु भएको छ । क्षमताको विकास र कानुनी तथा व्यबहारिक ज्ञान म र हाम्रो समूहका महिलाहरुलाई बाटो देखाइदिने मानवअधिकार मञ्च इलामलाई विशेष धन्यवाद दिन चाहन्छु भन्नु हुने टीका श्रेष्ठ । " तर नयाँ विषयहरुमा थप ज्ञान र सीप भने आफूहरुलाई आवश्यक पर्ने कुरा महसुस गर्नु हुन्छ ।

## Key Findings of the Women Rights Group (WRG) Program
### External Evaluation Report - 2014

- *Gradually raising community awareness on women's rights and domestic violence against women. Program contributed to assist in protecting and promoting rights of the community level women.*
- *Program contributed to empower the rural women especially the members of the women groups. For example, some of the members have become local level resource persons for women rights, domestic violence etc.*
- *WRGs are well recognized by the local level stakeholders like VDCs, police, political parties etc. who also take support of and consult with these groups/representatives before to address the issues related to the women.*
- *Public's perception towards women and their role in the family as well as in the society is being changed in the positive direction.*
- *Good governance at local level is being promoted due to the program support and WRGs' initiatives. For instance, all 8 VDCs of the program area have started to do public audit of the VDCs' annual program and budget.*
- *Leadership role of the women is being promoted due to the program interventions. WRG members are leading in most of the community level groups, committees and CBOs like in saving/credit groups, community users' groups, ward citizen forums.*
- *The WRGs are playing leading role in utilization of VDC's annual budget for women (as a target groups) for their own priority. Besides, role of the WRGs were found more effective for community mobilization.*
- *Existence of the WRGs is also found very significant for protecting women (and human also) rights and promoting peace at local level through community mediation. WRGs are playing role to mediate the disputes related to the women's issues and rights, domestic violence against them and referring to the community mediation committees of the respective VDCs.*
- *WRGs' role was found very important to prevent domestic violence and provide justice to the victim women at community level.*
- *Except program support, HURF has been providing additional technical supports to the WRGs and opportunities to groom up the WRG members for continuation of the program. For example, two WRG presidents have become board members of the HURF.*
- *Program became more effective when the participation of the males and representatives of the political parties were ensured in the last years. That helped to raise aware them and they realized their role for protecting the women rights and stopping domestic violence against women.*
- *As an NGO working for women (from rescue to rights and justice), HURF has been popularized among the stakeholders of the eastern Nepal.*
- *Eastern Network of domestic violence against women was established and now functional in the HURF's initiation and leadership.*
- *Due to low and limited sources of income of the families as well as economic dependency towards male counterparts, there is big challenge to the WRGs members to work voluntarily forever. As a complementary part of the WRG program, the organization development (OD) supports contribute to the HURF to uplift this organization as a professional human rights and rights NGO and a competent NGO among NGOs of the eastern Nepal that work in rights-based approach.*
- *Both quantity and quality of HURF's capacity, performance, competencies and relations with stakeholders and partners were significantly upgraded which can be experienced and observed.*
- *Improvement in system, existence of policies that required for a competent NGO and their effective implementation were also observed in HURF.*
- *This program kicked-off the HURF to run the organization and work in its programmatic areas based on its strategic plans. Now its second 5-year strategic plan is being executed and in both plans focused women as its one of the key target groups.*
- *In deed, it is highly potential and capable to work for ensuring rights of the women as well as other socially excluded communities and groups and in the areas of human rights. However, continuation of technical (e.g. technical advisor) and OD supports are stills required for this organization to achieve its second strategic plan 2014-2018.*

*In summary the WRG program is considered as a successful program in terms of its effectiveness, efficiency, necessity to the rights holders/target beneficiaries, participation and outcomes as well as good indication of its impacts.*

## Vision

HURF envisions a civilized and prosperous society.

## Mission

HURF actively works for establishing sustainable peace and justice through protection and promotion of human rights

## Goals

- An increasing number of people, especially marginalized, minorities and poor people live in a just and human rights based society without any kind of discrimination, where they have better access to social justice and practice their rights.
- Increasing number of people who is aware and educated on their socio-cultural, economic and environmental rights, burning/contemporary issues/public concerns, GoN's policies and laws and enabled them to play significant role in effective implementation of the GoN's policies, programs, and procedures.
- Enhancing and mobilizing physical and human resource competencies of the organization to ensure the goals of its thematic programs through research, knowledge transformation, fund raising, relationship building and collaboration with existing and new partners and different level stakeholders.

## Objectives of the Second Strategic Plan Period 2014- 2018

1. Rights-holders get assistance from the concerned stakeholders to ensure their human rights and other rights (civil, political, socio-cultural, economic, legal, health & environmental rights etc. guaranteed by the international and national laws).
2. Rights-holders especially women & single women, girls, child, Dalits, conflict affected, persons with disability, sexual minorities, Adibasi/Janajati & ethnic minorities, senior citizen, poor and vulnerable groups get assistance to prevent and reduce violence and all kinds of discrimination, and get social justice.
3. Rights-holders are aware and able to get and practice their rights (guaranteed in the international and national laws, and GoN's policies) and concerned stakeholders are motivated and more accountable to ensure their rights through democratic practices.
4. Community people and stakeholders are aware on the burning/contemporary issues/public concerns and actively play role to address these issue in democratic way.
5. Along with sufficient infrastructures and equipments, HURF's Human resources are developed, managed and effectively mobilized to ensure its organizational and programmatic goals through revised existing polices, developing new policies (as required) and implementing effectively.
6. HURF's relationship with existing and new partners is well-developed (become stronger) in order to increase fund and technical supports for the programs and organizational development.
7. Issues related to the HURF's working areas are identified through research and knowledge transformation, and publication and dissemination to contribute and consolidate in achieving its organizational and programmatic goals.

## Major Thematic Areas

- Human rights and Rights
- Conflict, Peace and Justice
- Gender and Social Inclusion
- Democracy and Governance
- Research and Publication

## HURF's Projects and cooperation with different National and International Partners

| SN | Name of The Project | Thematic Area | Funding Partner | Cooperation Since |
|---|---|---|---|---|
| 1 | Women Rights Program | Rights and Human Rights, Democracy and Governance, Gender and Social Inclusion | GIZ/SUNAG | 2008 |
| 2 | Peace Building and conflict Transformation | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2008 |
| 3 | Awareness on Positive discrimination | Democracy and Governance, Gender and Social Inclusion | Stiftung Umverteilen, Germany | 2007 |
| 4 | Awareness on Citizen Charter and Effective Service Delivery | Democracy and Governance | Chemonics Int'l/ USAID | 2011 |
| 5 | Human Rights Education, Monitoring and Documentation | Rights and Human Rights | INSEC | 1998 |
| 6 | Human Rights | Rights and Human Rights | National Human Rights Commission | 1998 |
| 7 | Community Mediation Program | Conflict, Peace and Justice | DFID/ESP/CIVICT | 2001 |
| 8 | Mediation for Peace and Social Justice | Conflict, Peace and Justice | Swish Agency for Development Cooperation(SDC) | 2011 |
| 9 | Capacity building of Mediators and Psychosocial Counselors | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2008 |
| 10 | Forum Theatre (awareness on social issues) | Conflict, Peace and Justice | Civil Peace Service ZFD-GIZ | 2008 |
| 11 | Effort against Child Rights Violation and for Peace Education | Rights and Human Rights | Kindermissionswerk, Germany | 2013 |

## HURF Regular Services:

- Human Rights Monitoring, Documentation
- Mediation
- Psychosocial Counseling and Support
- Emergency Shelter support for Women and Children
- Legal Counseling Support